# चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको
# विधायन समितिको
# आ.ब.२०८१/०८२ को
# वार्षिक प्रतिवेदन

नगरसभामा पेश गरेको मिति: २०८२/०३/ ०९
नगरसभावाट स्वीकृत मिति : २०८२/०३/ ०९

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश।

CamScanner

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा २२६ को संवैधानिक अधिकार प्रयोग गरी नगर सभाले आवश्यक कानुन बनाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ मा व्यवस्था भए बमोजिम चन्द्रपुर नगरपालिकाको नगर सभाले विधायन समितिको गठन गरी परिच्छेद १५ को दफा १०२ ले दिएको स्थानीय कानुन बनाउने अधिकारको अधिनमा रही नगरकार्यपालिका र नगर सभाले कानुन निर्माण गरी कार्यान्वयमा ल्याएको छ ।

## २ चन्द्रपुर नगरपालिकाको परिचय

चन्द्रपुर नगरपालिका साविकको पाँच वटा गाविसहरु चन्द्रनिगाहपुर, पौराइ, जुडीबेला, सन्तपुर र डुमरिया मिलाई नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७०।०१।०१ को निर्णय अनुसार घोषणा गरीएको हो । पूर्वमा बाग्मती नदी र पश्चिममा धन्सार खोला, उत्तरमा चुरे लेक र त्यो माथि रहेको मकवानपुर जिल्ला तथा दक्षिणमा वृन्दावन, गुजरा र गरुडा नगरपालिका रहेको छ । यो नगरपालिका रौतहट जिल्लाकै जनसंख्या र क्षेत्रफलको आधारमा ठूलो नगरपालिका हो । चन्द्रसमशेर प्रधानमन्त्रि हुदाँ बस्नको लागि निगाहा भएकोले यसको नाम चन्द्रनिगाहपुर रहन गएको भन्ने भनाई रहेको छ । त्यतीबेला राणाहरु तराई तीर सिकार खेल्न जादा यस क्षेत्रमा बस्ने गरेको पाईन्छ । जंग बहादुर तत्कालिन भिक्षाखोरी हालको अमलेखगञ्ज हुदै सिकार खेल्ने गरेको पाईन्छ । यस क्षेत्रमा २००७ सालको क्रान्ति पछि व्यापक रुपमा वन फँडानी भई मानव बस्ति बस्न थालेको पाईन्छ । यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन भने क्षेत्रफल २४९.६ वर्ग कि.मि. रहेको छ । वि.स.२०७८ को जनगणना अनुसार १६८२० घरधुरी रहेकोमा पुरुष जनसँख्या ४०३०६ र महिलाको जनसँख्या ४१५०३ गरी जम्मा जनसँख्या ८१८०७ रहेको छ ।

## विधायन समिति सम्वन्धी व्यवस्था

चन्द्रपुर नगरपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ मा व्यवस्था भए बमोजिम चन्द्रपुर नगरपालिकाको नगर सभाले तपशिल अनुसारको विधायन समितिको गठन गरी कार्यान्वयनमा ल्याएको छ ।

**तपशिल**

श्री जितेन्द कुमार चौधरी संयोजक

श्री मरछिया देवि सदस्य

श्री चन्द्रकला वराल सदस्य सचिव

**सम्पादित क्रियाकलापहरु सम्पादित क्रियाकलापहरु**

आ.व .२०८१/०८२ को जेठ मसान्त सम्ममा विधायन समिती, सचिवालय बाट सम्पादन गरीएका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन।

**दैनिक प्रशासनिक तथा निर्यामत कार्यहरु**

**क** .चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, विधायन समिती बाट सम्पादन गरीनुपर्ने दैनिक नियमित क्रियाकलापहरु सम्पादन गर्न श्री चन्द्रकला वराल लाई सदस्य सचिव तोकिएको छ। विधायन समितिबाट आवश्यक ऐन नियमावली कार्यविधि निति नियम आचार संहिता तयारी छलफल गरी समितीबाट स्विकृतिका लागि नगर सभा तथा नगरकार्य पालिकामा पेश गर्ने गरीएको छ।

ख. आर्थिक बर्ष .२०८१/ ०८२ मा विधायन समितीमा १७ वटा बैठक सम्पन्न गरीएका छन। आ.व . मा ३ वटा ऐन २० वटा नियमावली, कार्यविधि ,आचारसंहिता, योजना आदी समितिमा छलफल गरी नगर सभा नगर कार्यपालिकामा पेश गरी स्विकृत भई राजपत्रमा प्रकाशन भई सकेको छ।

**२०८१ वैशाख देखि २०८२ जेष्ठ मसान्त सम्म विभिन्न मिती र समयमा १७ वटा बैठक संचालन भई तपशिल बमोजिम कार्य सम्पादन गरीएको छ।**

| क्र स | ऐन नियमावली कार्षविधि निर्देशिका आचारसंहिता दिग्दर्शन योजना को नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | लैङगिक समानता तथा सामाजिक समावेशीकरण शाखा ईकाईको/ काम कर्तव्य अधिकार २०८१ | २०८१/०१/१३ | २०८१/०२/०१ | |
| २ | लैङगिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति को काम कर्तव्य अधिकार २०८१ | २०८१/०१/१३ | २०८१/०२/०१ | |
| ३ | लैङगिक समानता तथा सामाजिक समावेशीकरण आचार संहिता २०८१ | २०८१/०१/१३ | २०८१/०२/०१ | |
| ४ | चन्द्रपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०८१ | २०८१/०२/२० | २०८१/०४/१५ | |
| ५ | चन्द्रपुर नगरपालिकाको बेरुजु फस्यौट निर्देशिका २०८१ | २०८१/०२/२० | २०८१/०४/१५ | |
| ६ | चन्द्रपुर नगरपालिकाको बार्षिक योजना कार्यक्रम तथा | २०८१/०२/२० | २०८१/०४/१५ | |

| | | | | |
|---|---|---|---|---|
| | बजेट तर्जुमा दिग्दर्शन २०८१ | | | |
| ७ | चन्द्रपुर नगरपालिकाको राजश्व सुधार योजना प्रारुप २०८१ | २०८१/०२/२० | २०८१/०४/१५ | |
| ८ | चन्द्रपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८१ | २०८१/०२/२० | | राजपत्रमा प्रकाशन भएको छैन |
| ९ | चन्द्रपुर नगरपालिकाको लगु घरेलु तथा साना उद्योग दर्ता तथा व्यवस्थापन नियमावली २०८१ | २०८१/०२/२० | २०८१/०४/२० | |
| १० | चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० | २०८०/१०/२४ | २०८१/०७/११ | |
| ११ | चन्द्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न वनेको कार्यविधि २०८१ | २०८१/०८/१९ | २०८१/०८/२५ | |
| १२ | चन्द्रपुर नगरपालिकाको खेलकुद विकास सम्वन्धी कार्यविधि २०८१ | २०८१२०/०२/ | २०८१/७/२१ | |
| १३ | आर्थिक ऐन २०८१ | २०८१/०३/२८ | २०८१/०३/३० | |
| १४ | वन व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७९ | २०७९/१०/२५ | २०८१/०१/१६ | |
| १५ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ | २०८१/ ०९/२९ | २०८२/०३/०५ | |
| १६ | चन्द्रपुर नगरपालिकाको ई रिक्सा-.दर्ता अनुमती,नविकरण तथा व्यवस्थापन कार्यविधि, २०८१ | २०८१/०५/२१ | २०८२/०३/०३ | |
| १७ | चन्द्रपुर नगरपालिकाको स्थानीय जलवायु परिवर्तन नीति" २०८१ | २०८१/१२/०८ | २०८२/०३/०३ | |
| १८ | विपत व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०८१ | २०८१/१२/०८ | २०८२/०३/०३ | |
| १९ | चन्द्रपुर नगरपालिकाको घर बहाल कर व्यवस्थापन कार्यविधि, २०८१ | २०८१/०५/२१ | २०८२/०३/०३ | |

| | | | | |
|---|---|---|---|---|
| २० | चन्द्रपुर नगरपालिकाको सम्पति कर व्यवस्थापन कार्यविधि २०८१ | २०८१/०५/२१ | २०८२/०३/०५ | |
| २१ | चन्द्रपुर नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८१ | २०८१/०५/२१ | २०८२/०३/०५ | |
| २२ | चन्द्रपुर नगरपालिकाको घ वर्गको निर्माण ईजाजत पत्र दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि संसोधन २०७६ | २०८१/१२/०८ | २०८२/०३/०५ | |
| २३ | चन्द्रपुर नगरपालिकाको शिक्षा योजना २०८१-२०८६ | २०८१/१०/१६ | २०८२/०२/१२ | |

अन्त्यमा, विधायन समितीको काम कारवाहीहरुलाई अझ प्रभावकारी , व्यवस्थित एंव जनमुखी वनाई समाज शान्ति, अमनचयन र सद्भाव कायम राख्न ,कानुनी नगर संचालनका लागि पारदर्शी शुशासन  जनमुखी कानुन सम्वत कार्य गरी विवादलाई द्वन्द्व रुपान्तरण हुनवाट रोक्न, द्वन्द्वबाट हुन सक्ने सम्भवित मानवीय, आर्थिक, भौतीक तथा सामाजिक क्षती हुन नदिन र सवैलाई सम्मान वातावरण स्थापित गर्न समिती पूर्ण प्रतीवद्ध रहेको सम्मानित सभालाई जानकारी गराउदै समितीवाट हाल सम्म भएका  र आगामी वर्षहरुमा आवश्यक कानुनहरु निर्माण छलफल स्वीकृत प्रमाणीकरण तथा राजपत्रमा प्रकाशन गर्न सहयोग गर्नुहुने नै छ भन्ने पुर्ण अपेक्षाका साथ नगरसभा सदस्यहरु नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु, वडा कार्यालयहरुका कर्मचारीहरु, सुरक्षाकर्मी, राजनैतीक दल, विभिन्न सरोकारवाला संघसंस्था, आमा समुह, महिला समुह लगायतका सम्पुर्ण नगरबासी आमाबुबा, दाजुभाई तथा दिदिवहिनीहरु बाट सहयोगको अपेक्षा गर्दै हार्दिक धन्यवाद एंव आभार व्यक्त गर्न चाहान्छु ।

धन्यवाद ।

चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रौतहट

जितेन्द्र कुमार चौधरी
संयोजक, विधायन समिती
चन्द्रपुर नगरपालिका, रौतहट ।

CamScanner